# विगु गाउँपालिकाको

## आ.व.२०८०/०८१ को

# नीति तथा कार्यक्रम, २०८०


विगु गाउँपालिका

लादुक,दोलखा

बागमती प्रदेश

## मिति २०८०/३/१० गते गाउँ सभामा उपाध्यक्ष श्री देविका थामीले प्रस्तुत गर्नुभएको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम

**गरिमामय गाउँ सभाका अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सम्पूर्ण कर्मचारी, संचारकर्मीतथा सभामाउपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्वप्रथम यस विगु गाउँपालिकाको १३ औँ गाउँ सभाको प्रारम्भ समारोहमा सहभागी हुनुभएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, आमन्त्रित राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, उपस्थित कर्मचारी एवं सञ्चारकर्मी मित्रहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस सभाको उपाध्यक्षको हैसियतले आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको महसुस गरेको छु । यस अवसरमा इतिहासका विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरु, जनयुद्ध एवं २०६२/२०६३ को जनआन्दोलन लगायतका विभिन्न आन्दोलन र सङ्घर्षको क्रममा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सार्वभौमिकताका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । संवैधानिक व्यवस्थाअनुसार उपाध्यक्षको हैसियतमा यो दोस्रो पटक आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विकास प्रति हाम्रो प्रवृत्ति र पुरातन सोचको कारण अपेक्षित सफलताहरु हात लाग्न सकेको छैन । विकास योजनाको कार्यन्वयन र गुणस्तरियताप्रति जनताको जवाफदेहीता बढाउन हामी सबैको कर्तव्य हो । सङ्घीय गणतन्त्र पश्चात् मुलुकमा भएको दोस्रो स्थानीय तह निर्वाचन पछिको दोस्रो वर्षको गाउँ सभालाई सम्बोधन गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु ।

मुलुकमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, सङ्घीय गणतन्त्रात्मक व्यवस्था पश्चात् भएको उपलब्धिहरु समावेशिता, स्वतन्त्रता, धार्मिक निरपेक्षता, विकेन्द्रित विकास प्रणाली, वाक स्वतन्त्रता, मानवअधिकार जस्ता आधारभुत अधिकार स्थापित गराउन ०६२/६३ को जन आन्दोलन, जनयुद्ध मधेस आन्दोलन, विभिन्न राजनीतिक आन्दोलनमा आफ्नो जीवनको आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ साथै घाइते योद्धा, वेपत्ता योद्धाहरु, सहिद परिवार तथा अपाङ्गहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु

विगु गाउँपालिकाको विकास र समृद्धिका लागि विगत लामो समयदेखि विभिन्न राजनितिक सामाजिक व्यक्तित्वहरुले योगदान दिनुभएको छ, समय, सिप, सद्भाभावको लागि सबै सकारात्मक सोचको साथ यस गाउँपालिको हितचाहनु हुने महानुभावप्रतिविगु गाउँपालिकाको तर्फबाटउच्च सम्मानव्यक्तगर्दछु ।

राष्ट्रिय राजनीतिमा तत्कालीन व्यवस्था परिवर्तनको खातिर विगु गाउँपालिकाबाट र यहाँ सहिद हुनुभएको योद्धाहरुप्रति विगु गाउँपालिका सधैं ऋणी रहेको छ ।

सङ्घीय लोकतान्त्रिक व्यवस्थापछि भौतिक पुर्वाधार तथा समाजिक विकास क्षेत्रमा उपलब्धिहरु अपेक्षा गरे अनुरुप हासिल भएको छैन । गन्तव्यमा पुग्नको निम्ति हामी सम्पूर्ण विगु गाउँपालिकाको जनप्रतिनिधि, सरोकारवाला व्यक्तिहरु, कर्मचारीहरु प्रयत्नरत छौं तथापि आवश्यक विषयगत दक्षता र पर्याप्त जनशक्तिको अभाव हुँदाहुँदै शान्त, सभ्य, समृद्ध, खुसी विगु निर्माण गर्न अझै धेरै प्रयास गनुपर्ने छ । हाम्रो प्रयासलाई सार्थक बनाउन आमनागरिक तथा यस पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले ठुलो योगदान दिइरहनुभएको छ ।

भौगोलिक हिसाबले विकट मानव विकास सूचकाङ्कमा पछाडि, शिक्षा स्वास्थ्यमा पूर्ववत् संरचना दयनीय रहेको भौगोलिक विकटताको कारण प्रशासनिक कर्मचारी न्यून हुने, स्थानीय तहमा समेत दरबन्दी अनुसार कर्मचारी कम भई पटक पटक प्रदेश लोकसेवा आयोग तथा सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयमा माग गर्दा समेत रिक्त दरबन्दी पूर्ति गर्न सङ्घ र प्रदेश सरकार उदासिन देखिएको छ । न्यूनतम् आवश्यकताको कुराहरुलाई समेत उचित मानव स्रोत व्यवस्थापन गर्न चुकेको यो व्यवस्थाले सार्वजनिक सेवा चुस्त दुरुस्त राख्न गरेका अधिकतम प्रयास समेत निकम्मा जस्तो भएको महसुस गरेका छौं । गल्ती एकातिर हुने त्यसको दोषको भागिदार स्थानीय तहको पदाधिकारी हुनुपर्ने कुरालाई प्रष्ट पार्न जहाँ जसको भूमिका हुनुपर्ने सोको जानकारी गराइने र जिम्मेवार हुन अधिकतम प्रयास गरिने छ ।

विगतदेखि हालसम्म गाउँपालिकाबाट भएका विकास निमार्णका कार्यहरु पूर्वाधार विकासमा भएका लागत अनुमानको आधारमा हालको आवश्यकताको ५-८ प्रतिशत मात्र बजेट व्यवस्था हुन सकेकोले काम गर्नुपर्ने आावश्यकता अनुसारको ९० प्रतिशत कामहरु बजेट अभावकै कारण गर्न नसकिएको कुरा यहाँहरुलाई अवगत गराउँदछु ।

मानव विकास सूचकाङ्कको आधारहरु मध्य प्रमुख शिक्षा अथवा साक्षरता दरमा हाम्रो गाउँपालिका पछाडि नै छ । साक्षरता दर कम भएको कारणले सामाजिक अवस्था समेत हालसम्म सन्तोषजनक नरहेको कुरा पानि यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

समाज विकास हुन सामाजिक चेतनाको पनि प्रचुर रुपमा विकास भएको हुनुपर्दछ । लामो समयदेखि सामाजिक कुरीतिको अवशेषहरु अझै जीवित रहेकोले यस्तो कुप्रथा विरुद्ध सबैजना एकजुट-एकमत भएर लाग्नु पर्ने देखिएको छ ।

गाउँपालिकाको वृहत्तर विकासको लागि सरकारको सबै नीती कार्यक्रम, योजना अनुरुप कार्य गर्नका लागि राष्ट्रिय योजना आयोगको दीर्घकालीन सोच २१००, सामाजिक क्षेत्र योजना, पूर्वाधार क्षेत्र, अर्न्तसम्वन्धित विषय क्षेत्र योजना, पुर्वाधार क्षेत्र, योजना तर्जुमा कार्यन्वयन दिग्दर्शन, समाष्टिगत अर्थतन्त्र, निजी तथा सहकारी क्षेत्र, लोकतन्त्र र सुशासनको पक्षहरुको

गहिरो रुपमा अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

दीर्घकालीन राष्ट्रिय लक्ष्यमा उल्लिखित परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वास्थ्य   र सन्तुलित पर्यावरण, सुशासन सबल लोकतन्त्र, राष्ट्रिय एकता, सुरक्षा र सम्मान सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सधन अन्तर आवद्धता, मानव पुँजीको निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व जस्ता विषयलाई स्थानीय तहले खेल्न सक्ने भूमिकालाई महत्वका साथ पालना गरिने छ ।

दिगो विकास लक्ष्य प्राप्तिको लागि दीर्घकालनी योजना, वहुवर्षीय योजना निर्माणका लागि अध्ययन गरी पूर्वाधार सामाजिक, आर्थिक, क्षेत्रका योजना पहिचान गरी लागत आँकलन गरी योजना बैङ्क तयार गरिएको छ । सडकहरुलाई प्राथमिकीकरण गरिएको छ र निर्माण तथा मर्मतसम्भारको कामहरु सोही प्राथमिकीकरण अनुसार गरिने छ ।

गाउँपालिकाभित्र विकास निर्माणका कार्यहरु अधिकांश बाँकी छ । पुराना संरचना भत्काएर नयाँ बनाउनु भन्दा तुलानात्मक कामहरु गर्न सजिलो हुन्छ । विकास निर्माणको लागि अत्यावश्यक बजेट उपलब्धता हुँदा तीब्र गतिमा विकास निर्माणको काम गर्ने सक्ने कुरालाई गाउँपालिकाले अवसरको रुपमा लिएको छ ।

गाउँपालिकाभित्र रहेका राष्ट्रिय गौरवको आयोजना सहित निर्माणधीन जलविद्युत आयोजनाको प्राविधक ज्ञानलाई आंशिक रुपमा प्रयोग गर्न सकिन्छ । विभिन्न अध्ययन गर्न कठिन अवस्थामा गाउँपालिकाभित्र रहेको विज्ञहरुको ज्ञान प्रयोग गर्न सक्ने कुरालाई गाउँपालिकाले अवसरको प्रयोग गर्नु पर्ने रुपमा लिएको छ ।

जलविद्युत आयोजनाहरु निर्माणका काममा रहेकाले यस वर्ष नै प्रवर्द्धकहरुसँग सहकार्यका लागि सुरुवात भई सकेको र लगानी, विकास निर्माण, सिप उपयोग वातावरण विकास प्रवर्द्धन जस्ता कार्यमा गाउँपालिकाले विकास साझेदारको रुपमा लिने नीति लिएको छ ।

यस गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, मानव संशााधन विकास र सुशासन कायम गरी नागरिकको गुणस्तरीय र सुखी जीवनशैलीको विकास गर्न आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ । आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिरहँदा यस गाउँपालिकालाई समुन्नत, समृद्ध, आत्मनिर्भर बनाउने खालका नीति कार्यक्रम तथा योजनाहरुलाई प्राथमिकता दिइएको छ । जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरु समावेश गरी यस गाउँपालिकामा देखिएका सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको बेहोरा अवगत गराउन चाहन्छु ।

सबै वर्ग, क्षेत्र, जातजातिलाई विकासको मूलप्रवाहमा समावेश गरी आपसी एकता पारस्परिकता कायम राखी समृद्ध विगु, सुखी विगु बासी भन्ने उद्देश्य साकार पार्न  लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूलप्रवाहीकरण गर्नका लागि यस नीति तथा कार्यक्रमले हामीलाई मार्गदर्शन तथा पर्याप्त आधार तय गर्नेछ भन्ने विश्वास लिएको छु ।

यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा सहअस्तित्व, समन्वय र सहकार्यका लागि हार्दिकतापूर्वक अनुरोध गर्दछु ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,**

अब म "समृद्ध विगु, सुखी विगु बाासीका लागि, कृषि र पर्यटन हाम्रो सम्पत्ति"भन्ने दीर्घकालीन सोचका साथ तयार गरिएको आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइहेको छु ।

**अध्यक्षज्यू, अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई क्रमैसँग प्रस्तुत गर्दै जाने अनुमति चाहन्छु ।**

**आर्थिक विकास नीति :**

- कृषि, पशु तथा औषधिजन्य जडीबुटीको अध्ययन (रिसर्च) केन्द्रको स्थापनाको लागि अवश्यक बजेटको व्यवस्था गरिने छ ।
- कृषि कार्यमा अनुदान हैन प्रोत्साहन गर्ने कार्यलाई जोड दिइने छ ।
- प्रत्येक वडालाई अलग रुपमा कृषिजन्य तथा फलफूलजन्य नगदेबालीको आवश्यकताको आधारमा पकेट क्षेत्र घोषणा गरी विकास गरिनेछ । कृषि क्षेत्र, कृषकको वर्गीकरण गरी कृषि प्रणालीलाई वैज्ञानिक तरिकाले आधुनिकीकरण गरिनेछ ।
- अर्गानिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्न जैविक मल र प्राङ्गारिक मलको प्रयोग गर्न किसानहरुलाई प्रोत्साहन गरिने छ ।
- एक वडा एक कृषि बाली कार्यक्रमसँग जोडी बेरोजगार युवाहरुलाई  कृषि विषय विज्ञको सल्लाहअनुसार उत्पादनसँग जोडिने छ ।
- यस पालिकाभित्र सञ्चालन भएको मासु पसल तथा बधशाला साथै सम्पूर्ण पसलहरुको बजार अनुगमन गरी मूल्यमा एकरुपता बनाइने छ ।
- यस पालिकामा कृषि उपजका मुख्य बालीहरुको न्यूनतम समर्थन मूल्य कायम गरी कृषिजन्य उत्पादनहरुको सङ्घीय र प्रदेश सरकारको समन्वयमा खरीद एवं भण्डारण गर्ने व्यवस्था मिलाइने छ । साथै नयाँ परिकार उत्पादन सम्बन्धी प्राविधिक तालिमको व्यवस्था गरी नयाँ परिकार बनाई बिक्री वितरणको व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकाभित्र एक आधुनिक शीत भण्डारण केन्द्र (चिस्यान केन्द्र) को व्यवस्था गरिने छ । आगामी दुई वर्षमा आवश्यकताको आधारमा वडागत रुपमा शीत भण्डारण, दुध सङ्कलन केन्द्र तथा चिस्यान केन्द्रको निर्माण गरी कृषि उपजको बिक्री वितरणका लागि कृषि बजारको व्यवस्था मिलाइने छ ।
- रैथाने तथा उन्नत बिउविजनका लागि नर्सरी तथा बिउविजन बैङ्क स्थापना गरिने छ । साथै मौसमी तथा बेमौसमी बिउविजन सर्वसुलभ बनाइने छ ।
- कृषि पर्यटन, कृषि, पशुजन्य उत्पादनको प्रवर्द्धन तथा बजारको विकास तथा विस्तार गर्न सरकारी, गैरसरकारी तथा अन्य सङ्घ, संस्थाको साझेदारी र सहकार्यमा विगु कृषि मेला प्रदर्शनी आयोजना गरिने छ साथै वडा स्तरमा उत्पादन भएको कृषिजन्य सामग्रीको बजारीकरण एवं ओसारपसार गर्न सवारी साधनको व्यवस्था गरिने छ ।
- यस विगु गाउँपालिकाभित्र जङ्गली जनावर (बाँदर,दुम्सी, बदेल, मृग) हरुले

कृषकहरुको बालीनालीमा व्यापक क्षति पुर्याएकोले रोक्नका निम्ति सरोकारवाला सङ्घ संस्थाहरुसँग समन्वय गरी विशेष कार्यक्रम ल्याइने छ।

- समग्र विकासमा योजना, बजेट उपलब्धता, कार्यन्वयन चरणसम्म पुग्दा दक्ष जनशक्ति अभाव भएका जनशक्ति र कामको प्रकुति फरक रहेको छ। भौगोलिक विकटताले गर्दा तोकिएको मापदण्ड अनुसार निर्माण नभएका पूर्ववत् सडकहरु वर्षातको समयमा क्षति हुने र हरेक वर्षको सडक मर्मत शीर्षक खोलानालाबाट हुने क्षतिबाट वार्षिक रुपमा हुने पुजिँगत खर्च विकासमा चुनौतिको रुपमा रहेको छ।
- प्रशासनिक कर्मचारी कम भई स्वास्थ्य प्रविधिकले वडा सचिबको रुपमा कार्यरत रहेकोमा अन्य स्थायी प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ।
- सार्वजनिक यातायात, बस बिसौनी, बस पार्कहरु निर्माण गरिने छ।
- जङ्गली जनावरले बालीनालीमा पुऱ्याएको क्षतिलाई न्यूनीकरण, क्षतिपूर्तिको लागि विशेष व्यवस्था गरिने छ।
- Electrical charging Station E.V को व्यवस्था गरिने छ।
- विपद व्यवस्थापन, तथा विपद प्रतिकार्य पूर्व अभ्यासको लागि आवश्यक व्यवस्था गरिने छ।
- सूचना तथा सञ्चारका प्रयोग Cyber Security Awarness को लागि आवश्यक व्यवस्था गरिने छ ।
- सार्वजनिक जमिनको अभिलेखीकरण प्रयोगको लागि प्रभावकारी व्यवस्था गरिने छ।
- Indoor Stadium Hall निर्माण कार्यमा पुर्णता दिइने छ।
- टासीछिमे गाछल गुम्बा अध्ययन केन्द्र घेराबारको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- युवा लक्षित कार्यक्रम अन्गर्गत पालिकाको साझेदारी र स्वामित्व रहने गरी उद्योग, व्यवस्थापन प्रवर्द्धन गरिने छ।
- गाउँपलिकाभित्र रहेको ढुङ्गाखानीलाई सञ्चालनका लागि सार्वजनिक वन क्षेत्रमा रहेको र परापूर्वकालदेखि उत्खनन् हुँदै आएकोले यस सरकारी वनभित्र रहेको खानी सञ्चालनको लागि अध्ययन अनुसन्धान र सञ्चालन प्रकियाका लागि सरकारी तबरबाट बजेट विनियोजन गरी खानी सञ्चालन गरिने छ।
- विपद व्यवस्थापनका लागि पालिकास्तरीय वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी आवश्यक जनशक्ति तयार गरिने छ।
- स्थानीय स्तरमा सम्पन्न योजनाहरुको उत्तरदायित्व सम्बन्धित लाभग्राहीलाई सचेत गराइने छ।
- शिलोके पालाखे राष्ट्रिय रुपमा मान्यता दिनलाई पनि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- पशु तथा कृषिबालीको बिमा कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- व्यवसायिक कृषकले उत्पादन गरेको कृषिउपज वस्तुहरु बिकी गरेको विल भरपाईको आधारमा कृषकहरुलाई उत्प्रेरित गराउन स्थानीय सरकाले थप अनुदानको व्यवस्था गरिने छ।
- आधुनिक घर, गोठको निर्माण गरी पशुपालनलाई व्यवसायिक बनाउनको लागि प्राविधिक सहयोग व्यवस्थापन गरिने छ।
- पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका गर्न पर्यटनमैत्री पूर्वाधारको निर्माण कार्यमा जोड

दिइनेछ । साथै पर्यटनमा आधारित युवा स्वरोजगार तयार गर्न आवश्यक तालिम, प्रशिक्षण, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

- यस पालिकाभित्र रहेका प्राकृतिक स्रोत, जडीबुटी, खनिज पदार्थहरुको सम्भाव्यता अध्ययन गरी आर्थिक समृद्धिको यात्रालाई मजबुत बनाइने छ ।
- स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन तथा आर्थिक विकासमा टेवा पुऱ्याउनको लागि लागानीकलाई आकर्षित गर्ने उद्देश्यले यस आ.व.मा लगानी सम्मेलन कार्य सम्पन्न गरिने छ ।
- पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि पर्यटकीय गन्तव्य पहिचान सहितको वृत्तचित्र निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुग्ने गरी प्रचार प्रसार कार्यलाई व्यापक बनाइने छ ।
- सिञ्चित क्षेत्र विस्तार गरी कृषि उत्पादकत्व वृद्धि गर्न लिफ्ट सिँचाइ, थोपा सिँचाइ तथा सोलारको माध्यमबाट सिँचाइको व्यवस्था जस्ता कार्यक्रमलाई सञ्चालन गरिने छ ।
- जातीय विभेद पहिचान तथा छुवाछुत विरुद्धको कार्यक्रमलाई निरन्तरता. दिइने छ ।
- दिगो विकास बनाउन तथा विकासलाई अपन्वत्वभाव जगाउन सचेतीकरण कार्यक्रम बनाइने छ ।
- समृद्ध विगुको आधार, पर्यटनमैत्री पूर्वाधार भन्ने मूल नारालाई साकार पार्न पर्यटन क्षेत्रको व्यावसायिकता पहिचान गरी पर्यटन विकासलाई प्राथमिकता दिइने छ ।
- व्यवसायिक कृषि उत्पादन संलग्न उद्यमी कृषकहरलाई प्रोत्साहन गरिने छ ।
- बेरोजगार युवाहरुलाई रोजगारमिा जोड दिन विभिन्न सिपमूलक तालिमहरुको व्यवस्था मिलाइने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,**

**अब म सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा तथा सँस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युव ातथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

- प्रत्येक वडाहरुमा बेरोजगार युवाहरुको संख्या यकिन गरी विषय विज्ञताको सिफारिस बमोजिम कृषि कार्यमा जोड दिन आधुनिक कृषि पकेट कार्यक्रमको अवधारणा मार्फत कार्यक्रम गरिने छ ।
- बाल तथा बहु विवाह मुक्त हाम्रो पालिका बनाउने लक्ष्यलाई सार्थक तुल्याउन समुदायस्तरमा सचेतना, अभिमुखीकरण तथा अभियानहरु सञ्चालन गरिनेछ ।
- अनाथ, असहाय, अशक्त, मानसिक सन्तुलन गुमाएका व्यक्ति, लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुको लागि सङ्घ, प्रदेश सरकार तथा अन्य गैरसरकारी सङ्घ संस्थाहरुसँग समन्वय तथा सहकार्यमा अल्पकालीन संरक्षण तथा सुरक्षा आवास केन्द्रको स्थापना तथा संरक्षण अभियान कार्यक्रम सञ्चालन गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिने छ ।
- लैङ्गिक हिंसा निवारण कोष स्थापना, सञ्चालनका लागि कोष कार्यान्वयन समिति गठन गरी कोष सञ्चालनमा ल्याइने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति बनाई

कार्यान्वयनमा ल्याइने छ ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनका लागि आवश्यक खण्डीकृत तथ्याङ्क संकलन तथा हरेक वर्ष अद्यावधिक गर्ने र सोको लागि बजेटको व्यवस्था गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (लैससास) लेखाजोखा (अर्डिट) गराइने व्यवस्था मिलाइने छ ।
- महिलाहरुको आवश्यकताको आधारमा सिप, क्षमता, दक्षता र उत्पादनमा आधारित आयआर्जन वृद्धिका लागि विशेष कार्यक्रम तथा प्रतिष्पर्धा गराई उत्कृष्टताको आधारमा पुरस्कृत तथा सम्मान गर्ने र सोको लागि बजेट विनियोजन गरिने छ ।
- स्वास्थ्य सम्बन्धी निःशुल्क विशेषज्ञ सहितको शिविर सञ्चालनको कार्यलाई निरन्तरता दिएको छु । साथै सोको लागि बजेट विनियोजन गरिने छ ।
- ज्येष्ठ नागरिकहरुको लागि दीर्घरोग तथा आधारभूत स्वास्थ्य परीक्षणको लागि शिविर सञ्चालन गर्ने । सोको लागि बजेट विनियोजन गरिने छ ।
- महिला तथा किशोरकिशोरीहरुको लागि आधारभूत यौन तथा प्रजनन् स्वास्थ्यमा आधारित सरसफाइ, लागू पदार्थ दुर्व्यसनी, कुलतमा फस्नबाट रोक्न जीवन उपयोगी सिपमा आधारित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । सोको लागि बजेटको व्यवस्था गरिने छ ।
- यस पालिकामा रहेका विभिन्न महिला सञ्जाल, आमा समूह तथा अन्य महिलाहरुको लागि क्षमता अभिवृद्धि लगायत विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला तथा बालबालिका क्षेत्रमा काम गर्ने गरी भइरहेको कर्मचारीलाई दोहोरो बोझ भएकोले विषय विज्ञता सहितको महिला कर्मचारीको व्यवस्था गरिने छ ।
- कृषि लगायत अन्य क्षेत्रमा नयाँ आउने प्रविधिमा महिलामैत्री प्रविधि भित्रयाउने कार्यलाई प्राथमिकता दिइने छ ।
- महिलाको गुणस्तरीय कार्यको लागि कार्यबोझ घटाउने, आम्दानी बढाउने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- किशोरी ,बालक्लव तथा बाल सङ्गठनहरुको आवश्यकताको आधारमा वडा तथा पालिकास्तरीय नयाँ गठन तथा पुर्नगठन र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- मनोसामाजिक परामर्शको रुपमा सहजकर्ताको व्यवस्था तथा विद्यालय जाने आकस्मिक महिनावारीलाई सहज बनाउन छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने ।
- लक्षित वर्गको जीवनस्तर सुधारका लागि सिप, पुँजी र प्रविधि उपलब्ध गराउने ।
- लैङ्गिक, यौनिक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणको लागि ज्ञान, सिप र आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिलाहरुको सिप, क्षमता र आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- औषधीजन्य जडीबुटीको उत्पादन, प्रशोधन, भण्डारण, बिक्री वितरणमा जोड दिने तर लोपोन्मुख जडीबुटीको संरक्षणमा जोडदिने । स्थानीय जलवायु अनुकूलन कार्ययोजनाको आधारमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ । समुदायको उत्थानशिलता विकासका साथै वातावरणमैत्री भौतिक पूर्वाधार विकास गरिने छ ।

- स्थानीयस्तरमा रेडियो, अनलाइन पत्रिकाहरुसँग सम्झौता गरी पालिकाका सम्पूर्ण गतिविधि जनतामाझ पुऱ्याउने रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- पलिकाको हरेक कार्यक्रमको सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरिने छ ।
- न्यायिक क्षेत्रका सूचनालाई व्यापक र सर्वसाधारणको पहुँचमा पुऱ्याउनका लागि वडास्तरमा विभिन्न उपयुक्त स्थानमा होर्डिङ बोर्ड राख्ने व्यवस्था गरिने छ ।
- स्थानीय समुदायका जनतालाई सूचना, मनोरञ्जन र उपयोगी ज्ञान, सिप प्रवाह गर्नका लागि जिल्लास्थित एफ.एम.रेडियोलाई महत्वपूर्ण माध्यमको रुपमा उपयोग गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, नेतृत्व विकास र विषयगत ज्ञानमा बढोत्तरी ल्याउन आवश्यक तालिम तथा लैङ्गिक हिंसा विरुद्ध अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताको बारेमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य इकाइहरुलाई आधुनिक औजार उपकरण तथा भौतिक पूर्वाधारयुक्त बनाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमताविकास गरिने छ ।
- ज्येष्ठ नागरिक हाम्रो छहारी, गरौं एकछिन केही भलाकुसारी भन्ने पवित्र उद्देश्यका साथ ज्येष्ठ नागरिकको अनुभव तथा ऐतिहासिक सकारात्मक व्यवहारको आदानप्रदान तथा सम्मान प्रकट गर्न प्रत्येक वडामा कम्तीमा एक वडा एक दिवा आश्रय स्थलको स्थापना तथा सञ्चालन गरिने छ । वृद्धाश्रम भवन निर्माण गर्ने प्रयोजनार्थ आवश्यक प्रकिया अगाडि बढाइने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि गर्न अध्ययन अवलोकन भ्रमण तथा प्रोत्साहनका लागि सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि ६० वर्ष उमेर पुगेपछि सम्मानजनक बिदाइ गर्दा स्थानीय सरकारको पनि सहभागिता बनाउन उचित कार्यक्रमको व्यवस्था गरिने छ । साथै महिला स्वयंसेविकाहरुका लागि मासिक  रिपोर्टको कार्य गर्दाको बखत खाजाको व्यवस्था कार्यक्रम गरिने छ साथै सो कार्यक्रमका लागि उचित बजेटको व्यवस्था गरेको छु ।
- पिछडिएका तथा विपन्न वर्गहरुको लागि विशेष कार्यक्रमबाट आयआर्जनमा जोड दिइने छ ।
- योजना छनोट प्रक्रियाका चरणमा, कार्यान्वयनको चरणमा, उपभोक्ता समिति गठन, अनुगमन मूल्यांकन तथा लाभको पहुँचसम्म वडा तथा टोल बस्तीसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसात् गर्दै मूलप्रवाहीकरणलाई कार्यान्वयन गर्दै लगिने छ । घरेलु हिंसा, लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार, सामाजिक, राजनीतिक हिंसा पीडित तथा प्रभावितहरुको संरक्षणको लागि विशेष नीतिगतव यवस्था मिलाउनुका साथै लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ ।
- विगु गाउँपालिकाको सरोकार, महिलालाइ अवसर र अधिकार भन्ने हाम्रो लक्ष्यलाई साकार पार्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गरिने छ ।
- ज्येष्ठ नागरिक, महिला/ पुरुष लक्षित स्वास्थ्य कार्यक्रम प्रत्येक वडामा नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

- महिलाहरुका लागि सिप, क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- घरदैलो अभियान वा घुम्ती शिविर मार्फत ज्येष्ठ नागरिक परिचयपत्र तथा अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सरल र सहज बनाइने छ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने जुनसुकै प्रकृतिका पूर्वाधार तथा भौतिक संरचनालाई बाल अपांगता तथा महिलामैत्री बनाइने छ । साथै शौचालय पनि सोही अनुरुप निर्माण गरिने छ ।
- अपाङ्गता सम्बन्धी जुनसुकै सिफारिस निःशुल्क उपलब्ध गराइने छ । साथै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा सशक्तीकरण गर्न समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।
- आदिबासी जनजातिको परम्परादेखि चलिआएको ज्ञान, सिप, कला, सँस्कृतिको संरक्षण, संवर्द्धन गर्न सङ्ग्रहालयको स्थापना गरिने छ ।
- सामाजिक रुपमा लोप हुन लागेको धर्म, संस्कार, संस्कृति, जोगाउन उक्त कुराहरुलाई पहिचान गरी लिपिबद्ध गरी लान जोड दिइने छ ।
- लक्षित वर्ग सुत्केरीको लागि पोषण खर्चको व्यवस्था गरिने छ ।
- सबै सामुदायिक विद्यालयका कक्षा १ देखि ३ सम्मका विद्यार्थीका लागि पोसाकको व्यवस्थापन गरिने छ ।
- सबै माध्यामिक विद्यालयलाई प्रविधिमैत्री बनाउन सङ्घ तथा प्रदेश सरकारको ससर्त कार्यक्रमसँगै विद्यालयमा इन्टरनेट, सि.सि.टि.भी.तथा तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- विद्यालय तथा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गरी विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकासमा जोड दिइने छ ।
- सि.टि.ई.भि.टि.तथा प्राविधिक धारतर्फ कक्षालाई थप व्यवस्थित बनाई सञ्चालन गर्न सङ्घ तथा प्रदेश सरकारसँग सहकार्य गरी नियमित सञ्चालन गरिने छ ।
- शैक्षिक सूचकाङ्कमा राम्रो सुधार गर्ने विद्यार्थी, शिक्षक तथा अभिभावकहरुको लागि अध्ययन अवलोकन भ्रमणको लागि आवश्यक व्यवस्थालाई निरन्तरता दिइने छ ।
- गाउँपालिका तथा जिल्लास्तरीय परीक्षाहरुमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान गरिने छ ।
- उच्च शिक्षा तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइने छ । अति सिमान्तकृत, सिमान्तकृत, दलित समुदायका विद्याथीहरुलाई प्राविधिक तथा उच्च शिक्षा हासिल गर्नको लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको खेलकुद क्षेत्रलाई सुदृढ गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रत्येक विद्यालय शिक्षाको प्रारम्भिक कक्षा बालबिकास केन्द्र भएकोले केन्द्र नभएका विद्यालयका लागि प्रारम्भिक बालकक्षा सञ्चालन गर्न अनुदानको व्यवस्था गरिने छ ।
- मौजुदा शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या र विद्यालयको नक्साङ्कनका आधारमा सङ्घीय शिक्षा ऐन तथा नियमावली बमोजिम दरबन्दी मिलान नभएसम्मको लागि विद्यार्थी सङ्ख्याको आधारमा बढी शिक्षक सङ्ख्या देखिएको वा विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा कार्यरत शिक्षकलाई अरु विद्यालयको विद्यार्थी शिक्षकको अनुपातलाई मध्यनजर गरी कामकाज गर्न खटाइने छ र शून्य विद्यार्थी भएका विद्यालयको कक्षा घटाइने छ ।

- बालकक्षा सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगी तथा पालिकाभित्र रहेका कार्यरत करार तथा अस्थायी कर्मचारीहरुलाई थप तलबको व्यवस्था गरिनेछ।
- आधारभूत तथा माध्यामिक तहमा शिक्षक दरबन्दी कम भएका विद्यालयलाई गाउँपालिकाले शिक्षण सहयोग अनुदानप्रदान गर्दै आएकोमा प्रदेश तथा सङ्घीय शिक्षण सहयोग अनुदानबाट गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षण गर्न शिक्षकको अभावपूर्ति भएमा अनुदान कटौती गरी दरबन्दी अभाव भएको विद्यालयलाई अनुदानको व्यवस्था मिलाइनेछ।
- अपग्रेड भएका विद्यालयलाई आवश्यक दरवन्दी सिर्जना गरी आवश्यक बजेटको व्यवस्था गरिने छ।
- यस पालिकाभरिका सामुदायिक विद्यालयहरुको प्र.अ. तथा व्यवस्थापन समितिका अध्यक्षहरुलाई नमुना विद्यालयहरुमा अध्ययन अवलोकन भ्रमणको कार्यक्रम ल्याइने छ।
- एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन पालिकामा सञ्चालित एम्वुलेन्सहरुमा सि.पि.आर.मेशिन जडान तथा तालिमको व्यवस्था गरिने छ।
- गर्भवती महिलालाई प्रसुति अवस्थामा लामो प्रसव व्यथा लागेर वा बच्चा जन्मे पश्चात् ४२ दिन सम्मका सुत्केरी महिलाहरुलाई अन्यत्र अस्पतालमा जानुपर्ने भएमा निःशुल्क एम्वुलेन्स सेवा उपलब्धता गराउने कार्यलाई निरन्तरता दिइने छ।
- अति विपन्न, आर्थिक अवस्था कमजोर भएका मानिसहरुका लागि आपतकालीन दुर्घटनामा परेको समयमा यथाशीघ्र उद्धार तथा अस्पतालसम्म पुग्न निःशुल्क यातायातको व्यवस्था गरिने छ।
- विगु, गौरीशङ्कर र कालिन्चोक गाउँपालिकाको त्रिपक्षीय सहकार्यमा शववहान तथा वारुण यन्त्र सञ्चालन गरिने छ।
- सङ्घीय सरकारबाट सञ्चालित १२/२५ वेड अस्पतालको लागि उचित जग्गा यकिन गरी अस्पताल निर्माण तथा सञ्चालनको लागि आवश्यकव यवस्था मिलाइनुका साथै विगु अस्पतालमा थप सेवा विस्तारका लागि आवश्यक व्यवस्था मिलाइने छ।
- विभिन्न आमा समूह, महिला समूह, बालक्लव, यूवाक्लव, किशोरी समूह लगायत गैर सरकारी संस्थाहरुसँग गाउँपालिकाले समन्वय, सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ।
- महिला तथा बालबालिका खोजतलास,मानसिक सन्तुलन गुमाएका मानिसहरुलाई उद्धार तथा अस्पताल लैजानको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्यमा काम गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।
- सत्तरी वर्ष उमेर पूरा भएका विपन्न ज्येष्ठ नागरिकहरुलाई आफ्नो पायक पर्ने स्वास्थ्य चौकीमार्फत उच्च रक्तचाप, दम तथा दीर्घरोगको औषधी निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइने छ।
- प्रत्येक घरमा एक घर एक धारा अनिवार्य हुने गरी स्वच्छ नियमित पिउने पानीको आपूर्ति हुने गरी कार्यक्रम सञ्चालन गरिने छ।
- वर्तमान तथा भूतपूर्व तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्ने संस्कारको थालनी गरिने छ। त्यस्ता खेलाडीहरुमा रहेको ज्ञान, सिप, क्षमताको पूर्ण उपयोग गर्ने नीति लिइने छ।
- साहित्य, कलाकारिताको संरक्षण, संवर्द्धन गर्नका लागि साहित्य, कला एक अनुपम पाठशाला अभियान सञ्चालन गरिने छ। यसका लागि यस क्षेत्रभित्र रहेका साहित्य,

कलाकारितासँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुको प्रतिभा प्रष्फुटन गर्न विभिन्न कथा, कविता, तथा साहित्यिक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- जातिय तथा धार्मिक संस्कार अनुसारका अन्तिम दाहसंस्कारको लागि उचित ठाउँ व्यवस्थापनको लागि अवश्यक सहजीकरण गरिने छ ।
- हालको स्थानीय शिक्षा ऐनमा संशोधनको नीति लिइने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यू,**

**अव म पुर्वधार विकास अन्तरगंत यातायात पूर्वाधार,भवन आवास तथा सहरी विकास ,उर्जा,पुन निर्माण तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।**

- सार्वजनिक सवारी साधन चल्ने सडकहरु स्तरोन्नती गरी १२ महिनै यातायात सेवा सञ्चालन योग्य बनाइने छ ।
- यातायात सञ्चालनको प्रक्रियालाई कार्यविधि बनाई व्यवस्थित गरिने छ ।
- पूर्ववत् योजना सिन्धुपाल्चोकदेखि विगु, ठिङसाङ, अलम्पु, चिलङ्खा, लादुक, बुलुङ, ओराङ र लामाबगरसम्म सडक सञ्चालनमा जोडिने छ ।
- गाउँपालिकाको सम्पूर्ण वडाहरुलाई सडक सञ्जालमा जोडिने छ ।
- वडा नं १ र ८ मा वडा  कार्यालय भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- निर्माणाधीन गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी सेवा सुचारु गरिने छ ।
- साधारण निर्माण, विपद, दैविप्रकोप, तथा सार्वजनिक निर्माण प्रयोजनार्थ निर्माण उपकरण खरिद तथा उपकरण चालु हालतमा राख्ने व्यवस्था मिलाइने छ ।
- खेल मैदानको निर्माण तथा सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- बहुवर्षीय सबै योजनाहरु सम्पन्न गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- कृषि तथा पशुपालनका लागि आवश्यक सम्पूर्ण ग्रामीण सडकहरुको निमार्ण तथा स्तरोन्नोति गरिने छ ।
- पहिरोले क्षति पुऱ्याउन सक्ने झोलुङ्गे पुल, मोटरेबलपुल निर्माण तथा स्तरोन्नति गरिने छ । उद्यान तथा बहुउद्देश्यीय पार्क निमार्ण गरिने छ । जसका लागि आवश्यक बजेटको विनियोजन गरिने छ ।
- यस विगु गाउँपालिकालाई जोड्ने पालिकाभित्र रहेको कोथली, साङबा, च्यार्सापा, ओराङ, देउतासिं र दोरुङखोला मोटरेबल पुलको अध्यन, डि.पि.आर गरी सङ्घ र प्रदेशमा बजेटको माग गर्न प्रबन्ध मिलाईने छ ।
- पालिकाभित्र आवश्यक रहेको स्थानहरुमा झोलुङगे पुलको निर्माण मर्मत सम्भारमा बजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिकाभित्रका खनिजजन्य स्लेट ढुङ्गाको प्रवर्द्धन गरिने छ ।

- विशेषत : आलम्पु चिलङ्खा र देउलाङ्गमा स्लेट खानी उत्खननको लागि EIA/IEE मार्फत अनुसन्धान गरिने छ ।
- EIA तथा IEE सम्बन्धी सेवा तथा परामर्श कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु ,**

अव सूचना प्रविधि, सञ्चार तथा विद्युतीय सुशासन, सार्वजनिक सेवा प्रवाह ऐन एवम् संथागत विकास सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- विगु गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको दीर्घकालीन विकासका लागि गरेको कार्यहरुलाई निरन्तरता दिइने छ ।
- जनताको जलविद्युत आयोजना अन्तर्गत गाउँपालिकाभित्र रहेका जलविद्युत आयोजनाहरुसँग साझेदारी गरी विकास योजनाहरु तयार गरिने छ ।
- विगु गाउँपालिकाको प्रत्येक वडा कार्यालय,सामुदायिक तथा प्राविधिक विद्यालय,स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइहरुमा द्रुत गतिको फाइबर इन्टरनेट जडान कार्य सम्पन्न भएको छ । अव स्थानीय स्तरमा सर्वसाधरणहरुका लागि समेत फाइवर इन्टरनेट प्रयोग गर्न पाउने आवश्यक प्रवन्ध मिलाइने छ ।
- गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरु, विभिन्न कार्यालयहरु,मुख्य सार्वजनिक स्थलहरुमा CCTV जडान गरी सुरक्षा निगरानी कार्यलाई थप मजबुत बनाइने छ ।

**विविधतर्फ**

- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन आवश्यक बजेट विनियोजन गरिने छ ।
- न्यायिक समितिलाई व्यवस्थित बनाउन र सहज तरिकाले सेवा प्रवाह गर्नका लागि कानुनी अधिवक्ताको व्यवस्था गरिने छ ।
- न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक संस्थागत प्रबन्ध मिलाइने छ ।
- गाउँपालिकाको पार्श्व चित्र अद्यावधिक गरी आवधिक योजना तर्जुमा गरिने छ ।
- यस क्षेत्रभित्रका सहकारी संस्थाहरु सहकार्य साझेदारी गर्दै सहकारी संस्थाको संस्थागत सुदृढीकरण ,क्षमता विकास र सहकारी सुशासन कायम गर्न आवश्यक कार्यहरु सञ्चालन गरिने छ ।
- उपभोक्ता अधिकारको संरक्षण गर्न आवश्यक मापदण्ड बनाई कार्यन्वयन गरिने छ ।
- गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमलाई दिगो विकास, वातावरण मैत्री र गुणस्तरीय बनाई उपभोक्ता समितिबाट हुने कामलाई छिटो छरितो

प्रभावकारी बनाउन प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । साथै उपभोक्ता समिति गठन गर्दा एकै व्यक्तिलाई एक आ.व. मा १ वटा मात्र उपभोक्ता समितिको पदाधिकारी हुने गरी वा एक आ.व. मा फरक फरकमा योजनाहरुको एकै व्यक्ति पदाधिकारी हुने प्रक्रियालाई निरुत्साहित गरिने छ ।

- मानव संसाधनको प्रक्रियाको कार्यमा विषय विज्ञता चयन गर्दा स्थानीयबासीलाई पहिलो तथा जिल्लाबासीलाई दोस्रो प्राथमिकता नीतिलाई अवलम्बन गरिने छ ।
- आगामी वर्षमा प्याराग्लाइडिङको सम्भाव्यताको उपयुक्त स्थान छनोट गरी अध्ययन तथा परीक्षण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका बजार क्षेत्रको अनुगमन गरी मूल्यमा एकरुपता ल्याइने छ । साथै अखाद्य र म्याद नाघेका वस्तुहरुलाई नष्ट गर्न आवश्यक योजनाहरु ल्याइने छ ।
- कृषिउपज सङ्कलन कृषि सङ्कलन सवारी साधनको व्यवस्था गरिने छ ।
- गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुरुप कर्मचारी व्यवस्थापन गर्ने साथै दरवन्दी बाहेकका कर्मचारीहरुलाई लेखा परीक्षण प्रतिवेदन अनुसार कार्य गराई आर्थिक व्ययभार कम गरिने छ ।

**आदरणीय सभाध्यक्षज्यू तथा आदरणीय सदस्यज्यूहरु**

**"समृद्ध नेपाल र सुखी नेपाली"**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न विगु गाउँपालिका समेत दृढ र प्रतिवद्ध छ । यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई सबैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु । गाउँ सभाका सभाध्यक्ष, सभा सदस्यज्यूहरु लगायत सबैलाई स्थानीय कानुन निमार्ण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावको लागि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनीतिक दल, राष्ट्रसेवक, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै सबै क्षेत्र, वर्ग जातजातिलाई विकासको मूलप्रवाहमा समावेश गरी आपसी एकता र पारस्पारिकता कायम राखी समृद्ध र सुखी विगु निमार्ण गर्न यस नीति तथा कार्यक्रमले पर्याप्त मार्गदर्शन र आधार प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा हार्दिकता पूर्वक अनुरोध गर्दछु ।

**धन्यवाद !**

प्रस्तुतकर्ता
देविका थामी
उपाध्यक्ष